# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको प्रेस नोट

मितिः २०८०।०६।१३, शनिवार

- उपभोक्ता हक अधिकारको संरक्षण, स्वच्छ बजार प्रवर्धन तथा अवाञ्छित मूल्य वृद्धि अनुगमन तथा नियन्त्रणको लागि जिम्मेवार तथा उत्तरदायी संघीय सरकार अन्तर्गतका नियामक निकायहरु एवम् संविधान तथा प्रचलित कानून बमोजिम यस्तो जिम्मेवारी पाएका प्रदेश तथा स्थानीय तहहरुको बिचमा समन्वय कायम गरि अनुगमनको कार्यमा क्रियाशिलता बढाइएको छ।
- देशभर एकसाथ निकायगत रुपमा एक्लै तथा सयुक्त रुपमा बजार अनुगमन सम्पन गरिएको छ । चालु आ.व.को श्रावण १ देखि असोज १२ गते सम्मको अनुगमनमा जम्मा ११४६ वटा फर्मको अनुगमन गरी ९२ लाख २५ हजार मूल्य बरावरको जरिवाना गरिएको छ। त्यसैगरी ३४ वटा फर्मबाट जम्मा १ करोड १ लाख ९० हजार मूल्य वरावरको वस्तु नस्ट गरिएको छ।
- चाडपर्व लक्षित अनुगमन अन्तर्गत यस विभागको नेतृत्वमा वातावरण विभाग, खाद्यप्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, औषधि व्यवस्था विभाग, आन्तरिक राजश्व विभाग, जिल्ला प्रशासन कार्यालयहरु सहितको संयुक्त अनुगमन टोलीबाट दैनिक औषत ३५ वटा फर्मको अनुगमन गरीएको छ।
- चाडपर्व लक्षित अनुगमन तर्फ आगामी हप्ताबाट थोक विक्रेता, गोदामहरु र अधिक मूल्यवृद्धि भएका वस्तुहरुको अनुगमन कार्यलाई तीव्र पारिने व्यहोरा अनुरोध छ।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग तथा मातहत कार्यालयहरुबाट एवम् तीन तहका सरकारका विभिन्न निकायबाट अभियानकै रुपमा चाडपर्व लक्षित अनुगमन भइरहेको छ । आगामी दिनमा यस्तो अनुगमनको निरन्तरता रहने छ ।
- यसै अनुसार मिति २०८०।०६।१२ सम्ममा भएको यस्तो अनुगमनको हालसम्मको प्रगति विवरण निम्न अनुसार रहेको छः-

| सि. नं. | अनुगमन तथा कारवाहीको प्रकृति | श्रावण १ देखि असोज १२ सम्म | | गत वर्ष सँगको तुलना |
|---|---|---|---|---|
| | | आ.ब. २०७९/८० | आ.ब.२०८०/८१ | |
| १ | अनुगमन गरिएको फर्म संख्या | १००१ | ११४६ | १४% |
| २ | जरिवाना गरिएको फर्म संख्या | २२४ | ३४७ | ५५% |
| ३ | जरिवाना रकम रु लाखमा | ४०.६६ | ९२.२५ | १२७% |
| ४ | बस्तु नष्ट गरिएको फर्म संख्या | ६३ | ३४ | -४६% |
| ५ | वस्तु नष्ट गरिएको जम्मा रकम रु लाखमा | २५.४१ | १०१.९ | ३०१% |
| ६ | संयुक्त र एकल बजार अनुगमन परिचालित टोली संख्या | २८१ | ३२५ | १६% |
| ७ | सुधारका लागि निर्देशन दिएको र कागजात माग भएको फर्म संख्या | २६१ | ३३२ | २७% |
| ८ | सामान्य अवस्थामा रहेका फर्म | ४४९ | २६ | -९४% |

- साविक झैं यस विभागबाट बजार अनुगमन नियमित र निरन्तर रहने प्रतिवद्धता व्यक्त गर्दछौं, भने अरु निकायहरुबाट पनि अझ सक्रियता तथा निरन्तरता सहितको अनुगमन हुनेमा विश्वस्त छौं ।
- स्रोतगत तथा लागत मूल्य आदि कारणहरुले गर्दा कायम हुने वा हुनुपर्ने स्वभाविक MRP का अतिरिक्त कुनै बहाना बनाई कोही कसैले आधारहीन तरिकाले वस्तु वा सेवाको उद्योग (उत्पादन) मूल्य, होलसेल मुल्य, खुद्रा मूल्य कायम गर्ने तथा मौज्दात लुकाउने जस्ता कार्य नगर्न नगराउन हुन अपिल गर्दछौं । यदि अनुगमनको क्रममा त्यस्तो गरिएको पाइए हदै सम्मको कारवाही गरिने व्यहोरा समेत जानकारी गराउँदछौं ।
- नेपालमा सञ्चालित विभिन्न उद्योगहरुको हकमा प्रति इकाई उद्योग लागत मूल्य तथा प्रतिइकाई कच्चा पदार्थ लागत अनुपातका सम्बन्धमा वस्तुको प्रकृति अनुसारका सम्बन्धित अनुमति/ईजाजत दिने निकायहरुसंग समेत आवश्यकता अनुसार समन्वय गरिने व्यहोरा समेत अनुरोध छ।
- वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग देशभरका सवै व्यापारिक क्षेत्र तथा मालवस्तु कारोबार स्थलमा एकै पटक पुग्न नसक्ने हुँदा अवाञ्छित मूल्य वृद्धि, कम गुणस्तर तथा कृत्रिम मौज्दात कायम गर्नेसंग सम्बन्धित कुनै सूचना जानकारी भए विभागको पैसा नलाग्ने नं. ११३७ र वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालयहरुमा तथा सम्बन्धित नियामक, जिल्ला प्रशासन कार्यालयहरु तथा सवै स्थानीय तहहरुमा जानकारी गराईदिन हुन हार्दिक अनुरोध गरिन्छ ।
- वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागमा कार्यरत निरीक्षण अधिकृतले प्रयोग गर्नसक्ने बजार अनुगमन सम्बन्धी सबै काम गर्ने तथा अधिकार प्रयोग गर्ने गरी उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३२ बमोजिम सम्पूर्ण जिल्ला प्रशासन कार्यालयहरु, ईलाका प्रशासन कार्यालयहरु, सातै प्रदेश सरकारका उपभोक्ता हेर्ने मन्त्रालय तथा कार्यालयहरु तथा ७५३ पालिकाका प्रमुख प्रशासकीय अधिकृतहरुलाई वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट अधिकार प्रत्यायोजन गरिएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

आनन्दराज पोखरेल
निर्देशक/सूचना अधिकारी